# नेपाल मेडिकल काउन्सिलको विशेषज्ञ दर्ता प्रमाणपत्रको लागि लिइने विशेष परीक्षा (Special Examination) सम्बन्धी जरूरी सूचना !

यही **२०७४ कात्तिक २५ (11 November 2017)** मा हुने विशेषज्ञ दर्ता प्रमाणपत्रका लागि लिइने विशेष परीक्षा (Special Examination) मा सहभागी हुनका लागि मिति २०७४ असोज १० गतेको गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरे बमोजिम उक्त परीक्षामा सहभागी हुनका लागि निम्नानुसारको योग्यता पुगेको र निम्नानुसारको कागजात सहित रितपूर्वक अनलाइन फाराम भरि पेश (Online Form submission) गर्नहुन अनुरोध गरिन्छ ।

१. स्वदेश या विदेशबाट नेपाल मेडिकल काउन्सिलले मान्यता प्रदान गरेका मेडिकल/डेण्टल कार्यक्रममा आधारभूत शैक्षिक कार्यक्रम पूरा गरे पश्चात चिकित्साशास्त्रका सम्बन्धित (MD/MS/MDS) विषयमा ३ वर्षको विशेषज्ञता हासील गरेका चिकित्सकहरू विशेष परीक्षा (Special Examination) मा सहभागी हुनसक्नेछन् । यस परीक्षामा उत्तिर्ण भएका महानुभावहरू मात्रै विशेषज्ञ दर्ता प्रमाणपत्रका लागि आवेदन गर्न योग्य हुनेछन् । २०७४ असोज १० (26th Sept, 2017) गतेदेखि कात्तिक ८ (25th Oct, 2017) गतेसम्म परीक्षाको आवेदन फाराम बुझाउन सकिनेछ । कात्तिक ९ र १० गते विलम्व शुल्क बुझाई फारामा बुझाउन सकिनेछ । अनलाईन फाराम भर्नको लागि परीक्षाको लिंक www.exam.nmc.org.np मा जानुभई दिइएको निर्देशन बमोजिम गर्नुहुन अनुरोध छ । अनलाईन बाहेक अन्य कुनैपनि माध्यमबाट परीक्षाको आवेदन फाराम बुझाउन पाईने छैन ।

२ आवेदक परीक्षार्थीहरूले आवेदन फारामका साथ निम्नानुसारको प्रमाणपत्र तथा कागजातहरूको प्रतिलिपि अनिवार्य पेश गर्नुपर्नेछ -

- क) नेपाली नागरिकताको प्रमाणपत्र,
- ख) एस.एल.सी. को लब्धांकपत्र,
- ग) दश जोड दुई उत्तिर्ण भएको लब्धांकपत्र, चारित्रिक प्रमाणपत्र,
- घ) मेडिकल वा डेण्टल डिग्री (M.B.B.S./B.D.S.) वा सो सरहको उपाधिहरूका प्रमाणपत्रहरू (इन्टर्नसीप, प्रोभिज्नल प्रमाणपत्र, एम.बि.बि.एस./बि.डि.एस. आदि),
- ङ) नेपाल मेडिकल काउन्सिलले प्रदान गरेको अस्थायी र स्थायी दर्ता प्रमाणपत्र (Temporary and Permanent Registration Certificate),
- च) सम्बन्धित विषयमा विशेषज्ञता हासिल गरेको प्रमाणपत्र,
- छ) नेपाल र भारत बाहेक अन्यत्र मुलुकमा अध्ययन गर्नेहरूको हकमा Passport को प्रतिलिपि अनिवार्य,
- ज) आवेदन फारामका साथ कबुलियतनामा फाराम भरि अनिवार्य बुझाउनु पर्नेछ । यसका लागि exam.nmc.org.np मा राखिएको कबुलियतनामा फाराम download गरी पूर्ण रूपमा भरेर दस्तखत सहित औंठा छाप नछुटाई Scan गरी पेश गर्नुपर्नेछ ।

३. विशेष परीक्षा दस्तुर नेपाल मेडिकल काउन्सिल नियमावली बमोजिम रु. ३०००/- (तीन हजार रुपैया मात्र) कायम गरिएको छ भने बिलम्ब शुल्क थप रू. १,५००/- (एक हजार पाँचसय) कायम गरिएको छ ।

४. अनलाइन बाहेक अन्य कुनै पनि माध्यमबाट परीक्षाको आवेदन फाराम बुझाउन पाइने छैन ।

५. प्रक्रिया बमोजिम अनलाइन फाराम पूर्ण रूपमा नभरिएमा वा कुनै कागजात अपूर्ण भेटिएमा आवेदन फाराम स्वीकृत हुनेछैन ।

६. परीक्षाको दस्तुर अनलाइन सेवा eSewa मार्फत गर्नुपर्ने र एकपटक भुक्तानी भइसकेको रकम फिर्ता नहुने व्यहोरा जानकारी गराइन्छ ।

७. प्रवेश पत्र (Admit Card) सम्बन्धी व्यवस्थापन :

- परीक्षाको आवेदन फाराम बुझाइसकेपछि (Online Form submission) नेपाल मेडिकल काउन्सिलबाट रूजु गरी स्वीकृत भएको व्यहोरा आवेदक परीक्षार्थीको ईमेलमार्फत जानकारी गराइनेछ । यसरी जानकारी प्राप्त भएपछि मात्रै आवेदक परीक्षार्थीले आफ्नो प्रवेश पत्र (Admit Card) प्रिन्ट गन सक्नेछ । प्रवेश पत्रको प्रिन्ट अनिवार्य रूपमा दुई प्रति गर्नुपर्नेछ । एकप्रति प्रवेशपत्र परीक्षा हलमा खटिएका Invigilator ले उपस्थिति पुस्तिकामा हाजिरी गराएपछि निजलाई बुझाउनुपर्नेछ भने एकप्रति आफूसँगै सुरक्षित राख्नुपर्नेछ ।
- फाराम भर्दा प्रवेश पत्रमा Scan गरी upload गरिएको फोटो सँगै तोकिएको स्थानमा सक्कलै फोटो (अनलाइन फाराम भर्दा Admit Card मा राखिएको फोटो नै) टाँसी दुवै फोटोमा पर्नेगरी सक्कलै दस्तखत तथा तोकिएको स्थानमा ल्याप्चे छाप एवं सक्कलै दस्तखत गरि परीक्षा दिन आउँदा दुरूस्त दुई प्रति प्रवेश पत्र नै साथैमा लिइ आउनुपर्नेछ ।
- परीक्षा केन्द्रमा खटिएका कर्मचारीहरूले परीक्षा भवनमा प्रवेश गर्ने समयमा आवेदक परीक्षार्थीहरूको आवश्यकतानुसार चेकजाँच गर्दा आवेदक परीक्षार्थी उपर शंका लागेमा त्यस्ता परीक्षार्थीलाई तथा प्रवेश पत्र तोके बमोजिम दुरूस्त नभएका आवेदक परीक्षार्थीलाई समेत परीक्षामा सहभागी नगराउन सकिनेछ ।

८. विशेष परीक्षामा सहभागी हुनका Postgraduate (PG) Eligibility Certificate अनिवार्य भएकोले PG Eligibility लागू हुनुभन्दा पूर्व विदेशमा Postgraduate गर्न गई PG समाप्त गरेका आवेदक परीक्षार्थीहरु तथा PG Eligibility लागू भइसकेपछि पनि PG Eligibility नलिई अध्ययन गरी अध्ययन समाप्त गरेका आवेदक परीक्षार्थीहरूले नेपाल मेडिकल काउन्सिलमा समयभित्रै सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

९. परीक्षा केन्द्र तथा समय एवं परीक्षासँग सम्बन्धित अन्य विषयका सम्बन्धमा जानकारी लिन समय-समयमा काउन्सिलको वेभसाइट तथा सूचना पाटी हेर्नहुन अनुरोध गरिन्छ । साथै काउन्सिलको फोन नं. ४३७१५६६ मा सम्पर्क राख्न वा nmc@nmc.org.np मा ईमेल गर्नसक्नुहुनेछ ।

परीक्षा समिति

नेपाल मेडिकल काउन्सिल